# फिदिम राजपत्र

## (फेदेन पत्र )

भाग २ खण्ड ३ संख्या १८

# साना समुह सन्चालन कार्यविधि २०७६

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७६।११।०६ |
| प्रमाणिकरण भएको मिति | २०७६।११।०७ |

## फिदिम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिदिमपाँचथर,

१ नंनेपाल,प्रदेश .

# फिदिम नगरपालिकामा साना समुह सन्चालन कार्यविधि

फिदिम नगरपालिकामा रहेका साना समुहको अभिलेखीकरण तथा तथ्याङ्क राख्ने र नगरपालिकावाट सन्चालन हुने लक्षित कार्यक्रम सन्चालन गर्न त्यस्ता साना समुहको व्यवस्थापन गर्न फिदिम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४को दफा ४ वमोजिम फिदिम कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ ¨ यस कार्यविधिको नाम साना समुह सन्चालन कार्यविधि २०७६ रहनेछ ।

२) यस निर्देशिकामा

क) साना समुह भन्नाले दैनिक जिविकोपार्जनका लागि वा कुनै लघु उद्यम सन्चालन गर्न वा आपसी सहयोगवाट मासिक रुपमा कुनै रकम संकलन गरी समुह भित्रको खाँचो टार्न संगठित भएका कुनै वस्ती स्तरका समुह आमा समुह वा यस्तै प्रकारका समुहलाई जनाउछ । यसले विकास निर्माणका कार्यमा संलग्न हुने उपभोक्ता समुह वा संस्था दर्ता ऐन अनुसार गठन हुने संस्थालाई वा सहकारी संस्थालाई समेट्ने छैन ।

ख) समुह कुनै संगठित संस्थाको रुपमा रहनेछैन । समूहले समुहको नाममा कुनै कारोवार वा चल अचल सम्पत्तिको खरिद विक्री समेत गर्ने छैन ।यस अनुसार कुनै काम गरेमा समुह आफैं जिम्मेवार हुनेछ ।समुहको नाममा छाप वा लोगो वा यस्तै कुनै सांकेतिक चिन्ह प्रयोग समेत गर्ने छैनन् ।एक आपसी सहयोगको लागि मात्र यस्ता समुह कृयाशिल रहनेछन् ।

ग) समुहले आफ्नो वस्तिभन्दा वाहिरका व्यक्तिलाई समुहमा समेट्ने छैन ।

३) यसरी दर्ता हुन चाहने समुहले आफ्नो उद्देश्य तथा सदस्यहरुको नामावली सहित समुह अभिलेखीकरण गर्न नगरपालिकामा अनुसूची १ वमोजिम निवेदन दिन सक्नेछ । यसरी निवेदन पर्न आएमा त्यस्ता नगरपालिकाले समुहको अभिलेखीकरण गर्नेछ ।

४) यस्ता समुहले नियमित मासिक वैठक सन्चालन गर्ने, वचत गर्ने र समुहका सदस्य भित्र मात्र ऋण परिचालन गर्न सक्नेछन ।

५) समुहलाई अन्य निकायले कुनै अनुदान प्रदान गर्न सक्नेछ ।

६) वँदा नम्वर ५ वमोजिम प्राप्त रकम अक्षय कोषका रुपमा रहनेछ । यो कोषको रकम समुहमा रहेका व्यक्तिलाई ऋणका रुपमा प्रदान गर्न सकिनेछ ।

७) कुनै सदस्य समुहवाट अलग हुन चाहेमा अक्षय कोषको रकममा दावी गर्न पाउने छैन । अक्षयकोषको रकम र सो को लगानीवाट प्राप्त आम्दानी अक्षयकोषमा नै रहने छ । आफ्नो लगानी र सोको व्याज भने लिन सक्नेछ ।

८) नगरपालिकाले यस्ता समुहको समय समयमा अनुगमन गर्ने छ ।

९) यस अघि कुनै संस्थाले यस कुनै खास गरिवी निवारण वा कुनै खास उद्देश्यका लागि यस प्रकारका समुहहरुमा कार्य गरि रहेको भएमा त्यस्ता संस्थाले संस्थाको विवरण सहित नगरपालिकामा अभिलेखीकरण गराउन सक्नेछन् ।

१०) यस सम्वन्धमा अन्य कुनै व्यवस्था गर्नु पर्ने भएमा नगरकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

अनुसूची १

१) समूहको नाम

२) समूह रहने ठेगाना (टोल समेत )

३) समूह स्थापना भएको मिति

४) समुहको नियमित वैठक वस्ने मिति

५) मासिक वचत गर्ने रकम

६) समुहको अक्षयकोष रहने वैंकको नाम र ठेगाना

७) समुहको वचत खाता रहने वैंकको नाम र ठेगाना

८) वैंक खाता सन्चालकको नाम

९) समुहले सदस्यमा लगानी गर्ने अधिकतम ऋण

१०) समुहले ऋण लगानी गर्दा उठाउने व्याजदर

११) समुहका सदस्यहरुको नामावली

१२) समुहले तयार गरेको विधान

आज्ञाले

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत